# तपाईंले NDIS कोष खर्च गर्न मिल्ने सहायताहरु

Nepali | नेपाली

सजिलै पढ्न सकिने (Easy Read)



# यस पुस्तिका बुझ्नको लागि मद्दत



तपाईंको मद्दतको लागि कोहि न कोहि हुन्छ जसले:

- तपाईंलाई यो पुस्तिका बुझ्न मद्दत गर्नेछ
- तपाईंलाई थप जानकारी खोज्न मद्दत गर्नेछ।



सम्पर्कबारे जानकारी यस पुस्तिकाको अन्त्यमा छ।


# यस पुस्तिकाको बारेमा

राष्ट्रिय अपाङ्गता बीमा एजेन्सी (NDIA) ले यो पुस्तिका लेखेको हो।




जब हामी “हामी” शब्द प्रयोग गर्छौं, यसको अर्थ NDIA हो।

हामी राष्ट्रिय अपाङ्गता बीमा योजना वा NDIS प्रदान गर्छौं।




यो पुस्तिका तपाईंले NDIS कोष खर्च गर्न **मिल्ने** सहायताहरुबारे हो।

# तपाईंले NDIS कोष खर्च गर्न मिल्ने सहायताहरु




## आवास सहायता वा बाहाल सहायता

आवास वा बाहाल (टेनेन्सी) भनेको तपाईं बस्नु भएको ठाउँ हो।



सहायता भनेको सहयोग हो ।

तपाईंले निम्नमा NDIS कोषहरु खर्च गर्न **सक्नुहुन्छ**:



- बस्नको लागि ठाउँ खोज्न मद्दत गर्न सहायता
- तपाईं अहिले बस्नुभएको ठाउँमा रहन सहायता।

## सहयोगी जनावरहरू




सहयोगी जनावर भन्नाले अपाङ्गता भएका मानिसहरूलाई सहयोग गर्न तालिम दिइएका जनावरहरू हुन्।

उदाहरणका लागि, गाइड कुकुरहरू।




तपाईंले NDIS कोष योग्य सहयोगी जनावरमा खर्च गर्न **सक्नुहुन्छ**।



योग्य सहयोगी जनावर एक प्रशिक्षित जनावर हो जसले परीक्षण पास गरेको हुन्छ।


## जीवनका चरणहरू, संक्रमण र सहायताहरूको समन्वय वा व्यवस्थापनमा सहयोग

समन्वय वा व्यवस्थापन भनेको हेरचाह गर्नु हो।



जीवनका चरणहरू र संक्रमणहरू भनेको तपाईंको जीवनमा केहि चीजहरू परिवर्तन हुनु हो।

तपाईंले NDIS कोष support worker (सहायताकर्ता) को लागि खर्च गर्न **सक्नुहुन्छ** जसले तपाईंलाई कसरी कामहरू आफैले गर्ने भनेर देखाउछन्।




उदाहरण को लागी, कसरी:


- घर सर्ने
- अपोइनमेन्टमा जाने।

## रोजगारी वा उच्च शिक्षामा सहायताको पहुँच कायम राख्ने

कायम राख्ने भनेको रहीरहनु हो।



उच्च शिक्षा भनेको तपाईंले हाई स्कूल पूरा गरेपछि लिने शिक्षा हो।





तपाईंले निम्न सहायताहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**:

- हाई स्कूलबाट उच्च शिक्षामा सर्न



- काम खोज्न
- तपाईं अहिले जुन काममा हुनुहुन्छ त्यो कायम राख्न।

## समूहमा वा साझा बस्ने व्यवस्था (shared living arrangement) मा दैनिक जीवनका कार्यहरु गर्न सहायता



समूहमा वा साझा बस्ने व्यवस्था भनेको तपाईं अन्य व्यक्तिहरूसँग बस्नु हो।

तपाईंले NDIS कोष आफ्नो घरमै काम गर्न मद्दत गर्ने सहायताहरुमा खर्च गर्न **सक्नुहुन्छ**।





उदाहरणका लागि, support worker (सहायताकर्ता) जसले तपाईंलाई कसरी निम्न कुरा गर्ने भनेर देखाऊछ:

- आफ्नो ख्याल राख्न
- पकाउन
- आफ्नो घर सफा गर्न।

## यात्रा वा यातायात व्यवस्थाको लागि सहायता



तपाईंले NDIS कोष यात्रा र यातायातमा खर्च गर्न **सक्नुहुन्छ** यदि तपाईं:


- एक्लै यात्रा गर्न सक्नुहुन्न
- सार्वजनिक यातायात प्रयोग गर्न सक्नुहुन्न।




उदाहरणको लागि, तपाईंले आफ्नो NDIS कोष को केहि अंश निम्न काम गर्न ट्याक्सीको लागि प्रयोग गर्न सक्नुहुन्छ:

- NDIS सहायता लिन
- स्कूल जान
- काममा जान।

## मनोरञ्जनको लागि सहायक उपकरण



सहायक उपकरण भनेका तपाईंलाई केहि गर्न मद्दत गर्दा परिवर्तन ल्याउने चीजहरू हुन्।

मनोरञ्जन भनेको तपाईंले रमाइलोको लागि गर्ने कुराहरू हुन्, जस्तै खेलकुद।



तपाईंले आफ्नो उपकरण परिवर्तन गर्न NDIS कोष खर्च गर्न **सक्नुहुन्छ** ताकि तपाईंले यसलाई प्रयोग गर्न सक्नुहुनेछ।

## घरायसी कार्यहरूका लागि सहायक उत्पादनहरू

घरायसी कार्यहरूका लागि सहायक उत्पादनहरू भनेको तपाईंले त्यसलाई प्रयोग गर्दा परिवर्तन ल्याउने चीजहरू हुन्।

उदाहरणका लागि, तपाईंलाई निम्न कामहरू गर्न मद्दत गर्दा केही परिवर्तन हुन्छ जस्तै:



- आफ्नो घर सफा गर्न
- पकाउन।



तपाईंले आफ्नो घर वरपरका कामहरू गर्न आवश्यक पर्ने कुराहरू परिवर्तन गर्न NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## व्यक्तिगत हेरचाह र सुरक्षाको लागि सहायक उत्पादनहरू



तपाईंले निम्न कुराहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**:


- विभिन्न शौचालय र बाथरूमका उत्पादनहरू
- कपडा र फर्निचर जसले तपाईंको आवश्यकताहरू पूरा गर्न मद्दत गर्दछ।

## सञ्चार र सूचना उपकरण



सञ्चार र सूचना उपकरण भनेका ती चीजहरू हुन् जसले निम्न काम गर्न सक्छ:

- तपाईंलाई जानकारी प्राप्त गर्न मद्दत गर्छ



- अरू मानिसहरूलाई जानकारी दिन मद्दत गर्छ।

उदाहरणका लागि, संचार बोर्ड।

तपाईंलाई निम्न कुराहरूमा मद्दत गर्न NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**:



- सञ्चार गर्न
- तपाईंलाई आवश्यक जानकारी प्राप्त गर्न।

## सामुदायिक नर्सिङ केयर




सामुदायिक नर्सिङ केयर भनेको तपाईंले आफ्नो घरमा हेरचाह पाउनु हो।

तपाईंले सामुदायिक नर्सिङ केयरका लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ** यदि तपाईंलाई विशेष तालिम प्राप्त व्यक्तिबाट हेरचाह चाहिन्छ भने।




उदाहरणका लागि, तपाईंलाई आफ्नो औषधि व्यवस्थापन गर्न विशेष तालिम प्राप्त नर्स आवश्यक भएमा।

## व्यक्ति अनुकूल प्रोस्थेटिक्स र ओर्थोटिक्स



व्यक्ति अनुकूल भनेको एक व्यक्तिको लागि बनाइएको चीज हो।




प्रोस्थेटिक्स भनेको मानिसले बनाएको शरीरको अंग हो।



अर्थोटिक्स भनेको तपाईंको शरीरलाई सहयोग गर्ने चीजहरू हुन्, जस्तै तपाईंको हात वा खुट्टा।

तपाईंले व्यक्ति अनुकूल प्रोस्थेटिक्स वा ओर्थोटिक्समा NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।


## दैनिक व्यक्तिगत गतिविधिहरू



दैनिक व्यक्तिगत गतिविधिहरू भनेको तपाईंले हरेक दिन गर्नु पर्ने कुराहरू हुन्। उदाहरणका लागि, नुहाउनु।

तपाईंले हरेक दिन गर्नु पर्ने आवश्यक चीजहरू गर्न सहायताको लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## दैनिक हेरचाह र जीवन उपयोगी सीप को विकास



दैनिक हेरचाह र जीवन उपयोगी सीप को मतलब तपाईं अधिक स्वतन्त्र बन्नु हो।


तपाईंले दैनिक हेरचाह र जीवन उपयोगी सीप सिक्न मद्दत गर्न NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## अपाङ्गता सम्बन्धी स्वास्थ्य सहायता

अपाङ्गता सम्बन्धी स्वास्थ्य सहायताहरू तपाईंलाई हरेक दिन काम गर्न मद्दत गर्न आवश्यक पर्ने सहायताहरू हुन्।



उदाहरणका लागि, तपाईंलाई डिसफ्यागिया (निल्न गाह्रो) हुन सक्छ र तपाईंलाई खान मद्दत गर्न विशेष कटलरी आवश्यक हुन सक्छ।



तपाईंले अपाङ्गता सम्बन्धी स्वास्थ्य सहायतामा NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## प्रारम्भिक बाल्यकालको लागि प्रारम्भिक हस्तक्षेप सहायता



प्रारम्भिक बाल्यकाल भनेको यी बालबालिका हुन् जो:

- ६ वर्ष मुनिका हुन्छन् र अन्य बच्चाहरुमा भन्दा ढिलो विकास हुन्छ
- ९ वर्ष मुनिका र अपाङ्गता भएका हुन्छन्।




विकास भनेको बालबालिकाहरु कसरी बढ्छन् र सिक्छन् भन्ने हो।

तपाईंले प्रारम्भिक बाल्यकाल सहायताका लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ** जस्तै बच्चाहरूलाई निम्नबारे उपचार गराउन मद्दत गर्न:



- सञ्चार गर्न
- सिक्न।

## व्यायाम, फिजियोलोजी र व्यक्तिगत कल्याणका गतिविधिहरू




फिजियोलोजी भनेको तपाईंको शरीरले कसरी काम गर्छ भन्ने बुझिन्छ।

कल्याण भनेको तपाईं स्वस्थ र तन्दुरुस्त हुनु हो।

तपाईंले आफुलाई स्वस्थ र तन्दुरुस्ती राख्ने चीजहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

उदाहरणका लागि, तपाईंलाई मद्दत गर्न एक पेशाकर्मीलाई भुक्तानी गर्न:



- अगाडि बढ्न
- आफुलाई बलियो बनाउन।


## समूह र केन्द्रमा आधारित गतिविधिहरू



केन्द्रमा आधारित भनेको यस्तो ठाउँ हो जहाँ मानिसहरू सँगै गतिविधिहरू गर्न जान्छन्। उदाहरणका लागि, सामुदायिक केन्द्र।

तपाईंले समूह र केन्द्रमा आधारित गतिविधिहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## सुन्न सघाउने उपकरण



तपाईंले NDIS कोष ती चीजहरूमा खर्च गर्न **सक्नुहुन्छ** जसले तपाईंलाई सुन्न सघाउछ।


## उच्च तीव्रताका दैनिक व्यक्तिगत गतिविधिहरू

दैनिक व्यक्तिगत गतिविधिहरू भनेको तपाईंले हरेक दिन गर्नु पर्ने कुराहरू हो।




तपाईंलाई आवश्यक हुन सक्छ:

- तपाईंलाई मद्दत गर्न धेरै मानिसहरू
- तपाईंलाई मद्दत गर्न विशेष उपकरण।



तपाईंले यी गतिविधिहरूमा मद्दत गर्न NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## घर परिमार्जन डिजाइन र निर्माण



घर परिमार्जन डिजाइन र निर्माण भनेको तपाईको घर कसरी:

- तपाईंको अपाङ्गतालाई सहायता गर्न परिवर्तन गरियो
- तपाईंको अपाङ्गतालाई सहायता गर्ने योजना गरियो
- तपाईंको अपाङ्गतालाई सहायता गर्न निर्माण गरियो।




तपाईंले आफ्नो घरमा बस्न सजिलो बनाउन NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।



उदाहरणका लागि, तपाईंलाई आफ्नो घरमा स्वतन्त्र हुन मद्दत गर्ने परिवर्तनहरूको लागि भुक्तान गर्न।

## घरायसी कामहरू



तपाईंको असक्षमताका कारण तपाईंलाई मद्दत चाहिने चीजहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।



उदाहरणका लागि:

- खाना पकाउन
- सरसफाई गर्न
- लुगा धुन।



## इनोभेटीब सामुदायिक सहभागिता



इनोभेटीब सामुदायिक सहभागिता भनेको धेरै आवश्यकता भएका व्यक्तिहरूको लागि सहायता हो।

यसले धेरै आवश्यकता भएका मानिसहरूलाई सामुदायिक जीवनमा भाग लिन मद्दत गर्छ।

## अनुवादन तथा दोभाषे



अनुवादन तथा दोभाषे भनेको तपाईंले बुझ्ने:

- भाषामा जानकारी प्राप्त गर्नु हो
- ढाँचामा जानकारी प्राप्त गर्नु हो।




तपाईंले NDIS कोष दोभाषे र अनुवादन सेवाहरूमा खर्च गर्न **सक्नुहुन्छ**।

## सहायताको लागी कोषको व्यवस्थापन



सहायताहरूको लागि कोषको व्यवस्थापन भनेको कसैले तपाईंको NDIS कोषको हेरचाह गर्छ।

तपाईंले योजना प्रबन्धकको लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।



योजना प्रबन्धकले निम्न गर्छ:


- तपाईंको लागि सहायता खोज्न
- तपाईलाई सेवा दिने मानिसहरूलाई भुक्तानी गर्न।

## सामुदायिक, सामाजिक र नागरिक गतिविधिहरूमा सहभागिता



तपाईंले गतिविधिहरूमा भाग लिँदा सहायता गर्न NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## व्यक्तिगत गतिशीलता उपकरण



तपाईंले व्यक्तिगत गतिशीलता उपकरणहरूमा NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**। उदाहरणका लागि, वाकर (walker)।


## विशेषज्ञ अपाङ्गता आवास



विशेषज्ञ अपाङ्गता आवास वा SDA को अर्थ धेरै आवश्यकता भएका मानिसहरूका लागि घर हो।


तपाईंले SDA मा NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## विशेष चालक प्रशिक्षण



विशेष चालक प्रशिक्षणको अर्थ:

- तपाईं गाडी चलाउन विशेष उपकरणहरू प्रयोग गर्न सिक्नुहुन्छ
- तपाईंले विशेष कार चलाउन सिक्नुहुन्छ।



तपाईंले विशेष चालक प्रशिक्षणका लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## विशेष सुनाई सेवाहरू




विशेष सुनाई सेवाहरू धेरै आवश्यकता भएका मानिसहरूका लागि सुनाई सेवाहरू हुन्।

तपाईंले NDIS कोष केही विशेष सुनाई सेवाहरूका लागि खर्च गर्न **सक्नुहुन्छ**।

## विशेषज्ञ सकारात्मक व्यवहार सहायता

तपाईंले विशेषज्ञ सकारात्मक व्यवहार सहायताका लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

विशेषज्ञ सकारात्मक व्यवहार सहायता भनेको मद्दत गर्नको लागि विशेष प्रशिक्षण प्राप्त व्यक्तिहरू हुन् जसले:



- तपाईंले असुरक्षित हुने काम गरेमा सहायता गर्नेछन्
- अरूलाई असुरक्षित हुने काम गरेमा सहायता गर्नेछन्।

## विशेष सहायता रोजगारी



विशेष सहायता रोजगारी भनेको काम प्राप्त गर्न मद्दत गर्नु हो यदि:

- तपाईंसँग धेरै आवश्यकताहरू छन्
- तपाईं काममा हुँदा तपाईंलाई धेरै सहयोग चाहिन्छ।




तपाईंले विशेष सहायता रोजगारीका लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## सहयोग समन्वय

सहयोग समन्वयको मतलब तपाईं आफ्नो



- परिवार, साथीहरु,
- समुदाय र NDIS सहायता
- सँग जोडिन मद्दत प्राप्त गर्नु हो।



तपाईंले विशेष सहयोग समन्वयका लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## चिकित्सकीय सहायता


चिकित्सकीय सहायताले मानिसहरूलाई निम्न कुरामा मद्दत गर्दछ:



- सञ्चार गर्न
- वरिपरि जान
- स्वतन्त्र हुन।

तपाईंले चिकित्सकीय सहायताहरूका लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## सवारी साधन परिमार्जन




सवारी साधन परिमार्जन भनेको तपाईंको कारमा हुने परिवर्तनहरू हो जसले:

- तपाईंलाई गाडी चलाउन मद्दत गर्छ
- गाडीमा चढ्न।


तपाईंले गाडी परिमार्जनका लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

## दृष्टि उपकरण




तपाईंले दृष्टि उपकरणका लागि NDIS कोष खर्च गर्न **सक्नुहुन्छ**।

दृष्टि उपकरण भनेको तपाईंलाई हेर्न वा पढ्न मद्दत गर्न सक्ने चीजहरू हुन्।



उदाहरणका लागि:

- ब्रेल (braille)
- एक म्याग्निफाइङ्ग ग्लास।



म्याग्निफाइङ ग्लास (ठूलो पार्ने ऐना) ले चीजहरूलाई ठूलो देखाउँछ।

## यस पुस्तिकाको बारेमा थप जानकारी

यस पुस्तिकाको बारेमा थप जानकारीको लागि, कृपया हामीलाई सम्पर्क गर्नुहोस्।




### तपाईं हामीलाई फोन गर्न सक्नुहुन्छ

1800 800 110



### तपाईंले हामीलाई इमेल पठाउन सक्नुहुन्छ

enquiries@ndis.gov.au



### तपाईं व्यक्तिगत रूपमा हाम्रो कार्यालयहरू मध्ये एक मा भ्रमण गर्न सक्नुहुन्छ

तपाईंले आफ्नो स्थानीय कार्यालय NDIS वेबसाइटमा फेला पार्न सक्नुहुन्छ। ndis.gov.au/contact/locations

## NDIA को बारेमा थप जान्नुहोस्




**हाम्रो वेबसाइटमा जानुहोस्**

ndis.gov.au

**हाम्रो सामाजिक च्यानलहरूमा हामीलाई पछ्याउनुहोस्**

फेसबुक, ट्विटर, इन्स्टाग्राम, यूट्यूब, LinkedIn

# हामीलाई सम्पर्क गर्न मद्दत प्राप्त गर्नुहोस्

## अंग्रेजी बुझ्न मद्दत चाहिने मानिसहरूका लागि



तपाईंले अनुवादन तथा दोभाषे सेवा (TIS) लाई फोन गर्न सक्नुहुन्छ।

131 450

## बहिरा वा सुन्न नसक्ने व्यक्तिहरूका लागि




तपाईं राष्ट्रिय रिले सेवा प्रयोग गर्न सक्नुहुन्छ।

relayservice.gov.au



तपाईं पाठ सन्देश टेलिफोन मोड (TTY) प्रयोग गर्न सक्नुहुन्छ।

1800 555 677



तपाईं आवाज रिले प्रयोग गर्न सक्नुहुन्छ।

1800 555 727

यो सजिलै पढ्न सकिने (Easy Read) पुस्तिका Scope (Aust) Ltd. द्वारा नोभेम्बर 2024 मा Picture Communication Symbols (PCS) को प्रयोग गरेर सिर्जना गरिएको थियो। PCS, Tobii Dynavox LLC को ट्रेडमार्क हो। सर्वाधिकार सुरक्षित छ। अनुमति लिएर प्रयोग गरिएको। यो पुस्तिका तेस्रो पक्षहरूलाई बेच्नु हुँदैन। अनुमति बिना चित्रहरु पुन: प्रयोग गर्नु हुँदैन। चित्रहरुको बारेमा थप जानकारीको लागि, स्कोप (Scope) लाई 1300 472 673 मा सम्पर्क गर्नुहोस् वा scopeaust.org.au मा जानुहोस्